# उमाकुण्ड गाउपालिका
# गाँउकार्यपालिकाको कार्यालय
# प्रिति,रामेछाप
# प्रदेश नं. ३,नेपाल

## एम्बुलेन्स आपूर्ती सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७६/०२/०७ )**

१. यस कार्यालयलाई तपसिलमा उल्लेख सवारीसाधन आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरूबाट खरिद गर्न यो दरभाउ पत्र आह्वान गरिएको छ ।

२. योग्य फर्म/कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन ।

३. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार सिलबन्दी दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

४. सिलबन्दी गरिएको दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिनसम्म दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

६. तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरू उपस्थित हुन चाहेका प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउ पत्र खोलिएको दिन देखि गणना हुने गरी ४५ दिनसम्मको लागि मान्य हुनेछ । सिलबन्दी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम सनराईज बैक लिमिटेड,प्रिति,रामेछापमा यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ०९६०५६८५७७७०३००३ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

८. सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

९. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

१०. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।.

११. शिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण | संख्या | धरौटी रकम रू. | फारम दस्तुर (फिर्ता नहुने गरी) रू. |
|---|---|---|---|---|
| ०२- २०७५/०७६ | हार्डटप जिप (एम्बुलेन्स) (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | १(एक) | २७,५००।- | १,०००।- |

(प्रमुख प्रशासकिय अधिकृत)